## आर्थिक वर्ष २०८२।०८३ को

# बजेट वक्तव्य

### काईके गाउँपालिकाको कार्यालय

### शहरताराबगर,डोल्पा

२०८२

आजको यस सम्मानित काईके गाउँपालिकाको गाउँसभाका सभाध्यक्ष ज्यू,
प्रमुख अतिथि ज्यू ,
मञ्चमा आसिन सम्पूर्ण अतिथि गण ,
वडा अध्यक्ष ज्यूहरु,
गाउँसभाका सदस्य ज्यूहरू ,
उपस्थित सम्पूर्ण शिक्षक, पत्रकार,कर्मचारि,सुरक्षाकर्मी मित्रहरू,
तथा सम्पूर्ण गाउँबासी बुबाआमा दाजुभाई तथा दिदीबहिनीहरु ,
लगाएत उपस्थित अन्य सम्पूर्ण सराकारवालाहरु ,

काइके गाउँपालिकाको गौरवमय गाउँसभाको १५ औं गाउँसभा अधिवेशनको आर्थिक वर्ष २०८२/८३ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा यहाँहरू सबैप्रति हार्दिक स्वागत व्यक्त गर्दछु। यस अवसरमा नेपालको प्रजातान्त्रिक आन्दोलन राजनीतिक अग्रगमन र लोकतन्त्रको सवलीकरणको क्रममा भएका ऐतिहासिक आन्दोलनहरुमा आफ्नो जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण शहिदहरुप्रति भाव पूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु।।

हाल हामी नेपालमा जनताबाट अनुमोदित संघीय लोकतान्त्रिक गणतान्त्रिक प्रणाली अन्तर्गत संघ, प्रदेश र स्थानीय तहहरूले आ-आफ्नो अधिकार क्षेत्रभित्र रही जनताको अपेक्षा अनुसार दिगो शान्ति, सुशासन, समावेशी विकास र समृद्धिको अभ्यास गरिरहेका छौं। जनताको नजिकको सरकारका रूपमा रहेको स्थानीय तहप्रति नागरिकको भरोसा उच्च भएकोले ती अपेक्षाहरू पूरा गर्न प्रदेश तथा संघीय सरकारसँग समन्वय गर्दै काम गर्ने दृढ प्रतिबद्धता व्यक्त गर्दछु।

काईके गाउँपालिकालाई उत्कृष्ट गन्तव्यको रुपमा स्थापित गर्ने स्वच्छ सफा र ,सुन्दर गाउँपालिकाको पहिचान कायम राख्ने र योजनावद्ध विकास र विकासका पुर्वाधारहरुमध्ये

शिक्षा ,स्वास्थ्य ,बिद्युत,सडक,यातायात,खानेपानी,संन्चार लगायतका विषयहरुलाई यस बजेट तथा कार्यक्रमले प्रमुख प्राथमिकताहरुको रुपमा लिईएको छ ।

सभाध्यक्षज्यू, गाउँसभाका सदस्यज्यूहरू,

चालु आर्थिक वर्ष २०८१/८२ को नीति, कार्यक्रम तथा बजेटको संक्षिप्त समिक्षा प्रस्तुत गर्न चाहन्छु। आम्दानी र खर्चको विवरण निम्नानुसार रहेको छः

**आम्दानी विवरणः**

| क्र.सं. | स्रोत समूह | बजेटको स्रोत/तह | प्राप्तिको श्रोत | वार्षिक अनुमानित आय | आम्दानी | आय प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | ७०४०००००. | ६४५९९०४०. | ९१.७६ |
| २ | संघीय सरकार | नेपाल सरकार | शसर्त अनुदान चालु | ८२१४८०००. | ७९९४८०००. | ९७.३२ |
| ३ | संघीय सरकार | नेपाल सरकार | शसर्त अनुदान पुंजीगत | १०६४०००००. | १०४४०००००. | ९८.१२ |
| ४ | संघीय सरकार | नेपाल सरकार | विषेश अनुदान पुंजीगत | ११५०००००. | ७५६२५६४. | ६५.६७ |
| ५ | प्रदेश सरकार | कर्णाली प्रदेश | समानिकरण अनुदान | ४८७७०००. | ४८७७०००. | १०० |
| ६ | प्रदेश सरकार | कर्णाली प्रदेश | शसर्त अनुदान चालु | ११८३०००. | ८८७२५०. | ७५ |
| ७ | प्रदेश सरकार | कर्णाली प्रदेश | शसर्त अनुदान पुंजीगत | ३४५०००००. | २२१२५०००. | ६४.१३ |
| ८ | प्रदेश सरकार | कर्णाली प्रदेश | विषेश अनुदान चालु | ५००००००. | १४४००००. | २८.८ |
| ९ | प्रदेश सरकार | कर्णाली प्रदेश | समपुरक अनुदान पुंजीगत | २२५०००००. | ४९६५५००. | २२.०७ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १० | राजस्व बाडफाड | राजस्व बाँडफाँड - प्रदेश सरकार | बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | ४९३५५२. | ३७५६७३.९७ | ७६.१२ |
| ११ | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजश्व बाँडफाँट | ५०९००००. | ३९८०६६४५.१ | ७८.२० |
| १२ | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक राजश्व | ३००००००. | ३३८८४८. | ११.२९ |
| १३ | अन्तरिक श्रोत | आन्तरिक श्रोत | बैंक मौज्दात | ५१७०३६९.८ | ५१७०३६९.८ | १०० |
| जम्मा | | | | ३९८०७१९२१.८ | ३३६४९५८९०.८७ | |

**खर्च विवरणः**

| क्र.सं. | क्षेत्र/उप क्षेत्र | विनियोजन | खर्च | खर्च (%) |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ३०४७२०००. | १०४१६३८२.५८ | ३४.१८ |
| २ | सामाजिक विकास | ११०९४९०००. | ६७६८६०३६.४६ | ६१.०१ |
| ३ | पूर्वाधार विकास | १९१६०००००. | ७५९९३९३३. | ३९.६५ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ५३०८०००. | ७५३०७४. | १४.१९ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ५९७४२९२१.८ | ३९६०४४६३.६६ | ६६.२९ |
| कुल जम्मा | | ३९८०७१९२१.८ | १९४४५३८८९.७ | ४८.८४ |

काइके गाउँपालिकाको **"गुणस्तरीय शिक्षा, स्वास्थ्य, हरित पूर्वाधार र रोजगारी, जनमुखी सेवा समृद्धिको तयारी"** भन्ने मुल ध्येयका साथ आर्थिक वर्ष २०८२/८३ को बजेट तथा कार्यक्रम निम्न सन्दर्भलाई आधार मानी तयार गरिएको छः

- नेपालको संविधान
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- संघीय तथा प्रदेश सरकारका नीति, कार्यक्रम तथा बजेट
- दिगो विकास लक्ष्यहरू
- चालु आवधिक योजना तथा निर्देशिका
- काइके गाउँपालिकाका क्षेत्रगत समितिका सिफारिसहरू

**सभाध्यक्षज्यू, अब म प्रस्तावित बजेटका मूल उद्देश्यहरू यस प्रकार प्रस्तुत गर्न चाहन्छुः**

- गुणस्तरीय तथा प्राविधिक शिक्षा र स्वास्थ्य सेवा प्रवाह गरेर सुसंस्कृत र प्रतिस्पर्धी जनशक्ति विकास
- सुधारिएको विधि द्धारा पूर्वाधार पहुँच विस्तार गरी विकासका अवसरहरूको समान उपयोग
- कृषि तथा पशु विकासको क्षेत्रमा व्यवसायीकरण तथा प्रविधि उपयोगमार्फत उत्पादन वृद्धि
- स्वच्छ खानेपानी, सरसफाइ र स्वास्थ्य चेतना अभिवृद्धि
- जलवायुमैत्री तथा वातावरणमैत्री नीति निर्माण तथा कार्यान्वयन
- गाउँपालिकाभित्रका सबै वर्ग र समुदायलाई समावेश गर्दै सामाजिक समृद्धि र न्याय सुनिश्चित
- जनप्रतिनिधित्व र प्रशासनिक सेवा सुधार गरी पारदर्शिता, जवाफदेहिता र समावेशी शासन सुनिश्चित
- स्थानीय सांस्कृतिक सम्पदा र पर्यटकीय स्रोतको विकास गरी पर्यटन प्रवर्द्धन

**प्रमुख क्षेत्रगत कार्यक्रमहरूः**

**सभाका सदस्यज्यूहरू,**

म आगामी आर्थिक वर्ष २०८२।०८३ का क्षेत्रगत मुख्य मुख्य कार्यक्रम तथा लक्ष्य योजना प्रस्तुत गर्न चाहन्छु।

१. स्थानीय पाठ्यक्रम तयार गर्न श्रमप्रति आस्थावान,दक्ष र राष्ट्रप्रति वफादार नागरिक तयार गरि सभ्य समाज निर्माण गर्न शिक्षा क्षेत्रको विकासलाई पहिलो प्राथमिकता दिइएको छ । क्रमशः सवै विद्यालयमा सो अनुसारको पठनपाठनको ब्यवस्था मिलाइनेछ । शिक्षा लाई सवल गुणस्तरिय बनाउन शिक्षा क्षेत्रमा संघीय सरकारबाट रु ५ करोड ७ लाख व्यवस्थापन गरिएको छ भने गाउँपालिकाबाट अरनिको माविमा आवाशिय विद्यालय सन्चालनको लागी आवश्यक पर्ने बजेट विनियोजन गरेको छु ।
२. गर्भवती महिलाहरुको लागि आमा सुरक्षा कार्यक्रम र नवजात शिशुको लागि पोषण कार्यक्रम संचालन गरिनेछ,जसका लागि संघीय सरकारको सहकार्यमा पोषणमैत्री स्थानीय शासन प्रवद्धन कार्यक्रमको लागी रु २० लाख ४० हजार विनियोजन गरेको छु ।
३. गाउँपालिकाले मृगौला, मुटु, उच्च रक्तचाप, मधुमेहजस्ता दीर्घकालीन रोगहरूको निःशुल्क परीक्षण, औषधि व्यवस्था र उपचारका लागि फार्मेसी सञ्चालन गरिरहेको नै छ सोहीअनुसार **"स्वस्थ शरीर, बलियो समाज"** भन्ने मुल नारा सहित हरेक घर-घरमा स्वास्थ्य सेवा प्रदान गर्ने कार्यलाई निरन्तरता दिएको छु। यसका लागि आवश्यक औषधि खरिद तथा अन्य स्वास्थ्य सेवा खर्चहरूका लागि बजेट विनियोजन गरेको छु।
४. प्राकृतिक चिकित्सा प्रवर्द्धन गर्दै स्वास्थ्य सेवामा पहुँच विस्तार गर्ने उद्देश्य अनुरुप काइके गाउँपालिकाका प्रत्येक वडामा आयुर्वेद सम्बन्धी कार्यक्रमहरू संचालन गरी आवश्यक औषधिहरू वितरण गर्ने व्यवस्था गरिनेछ। यसका लागि संघीय सरकारबाट रू. ६ लाख रकम विनियोजन गरिएको छ । साथै आवश्यकता अनुसार गाउँपालिकाबाट समेत बजेटको व्यवस्था मिलाइने छ ।
५. समग्र स्वास्थ्य क्षेत्रको विकास तथा कार्यक्रम सन्चालनको लागि संघीय सरकारबाट रु १ करोड ८५ लाख विनियोजन भएको छ । अन्य थप स्वास्थ्य सम्बन्धी

कार्यक्रम सन्चालन तथा व्यवस्थापनको लागि गाउँपालिकाबाट समेत आवश्यक बजेट विनियोजन गरेको छु ।

६. उच्च मुल्यका फलफुल, तरकारी तथा अन्नबालीहरुको पकेट क्षेत्रहरु पहिचान गरी सघन कृषि क्षेत्र निर्धारण गरी ती स्थानहरुमा ब्यावसायिक पशु विकास तथा कृषि विकास कार्यक्रम संचालन गरिनेछ । याक चौरि प्रवद्धन कार्यक्रम सन्चालन गरिनेछ,जसको लागि संघिय सरकारबाट रु ७ लाख ५० हजार विनियोजन गरिएको छ ,भने प्रदेश सरकारबाट चौरी प्रवद्धन कार्यक्रम मार्फत रु ४० लाख विनियोजन गरिएको छ । साथै गाउँपालिकाबाट समेत आवश्यक बजेट व्यवस्थापन गरिने छ।

७. तरकारी उत्पादन तथा ब्यवसाय गर्न तथा कृषि पशुपालन प्रोत्साहन गर्न कृषकहरुलाई प्रोत्साहन गरिनेछ,कृषि तथा पशु जन्य उत्पादनको बजारिकरण गर्नको लागि कृषि एम्बुलेन्सको उचित प्रयोग गरि दुनै,नेपालगन्ज,सुर्खेत लगायतका बजारमा निर्यात गर्न सहज गर्न सहजिकरण गर्ने कार्यलाई निरन्तरता दिएको छु ।

८. वडा कार्यालय भवन निर्माणको लागि आवश्यक बजेट विनियोजन गरेको छु। वडा नं १,३,७ वडा कार्यालय निर्माण गरिनेछ, साथै वडा नं २,४,५र ६ नं वडा कार्यालय भवन निर्माण सम्पन्न भई सकेको हुदाँ वडा कार्यालयहरुबाटै सम्पुर्ण एकिकृत सेवा प्रदान गरिनेछ। जसको लागि प्रदेश सरकार बाट रु २६ लाख ८१ हजार विनियोजन गरिएको छ भने गाउँपालिकाबाट वडा कार्यालय भवन सम्पन्न गर्न थप रु २० लाख विनियोजन गरेको छु ।

९. आगामि आर्थिक वर्ष २०८२।०८३ मा गाउँपालिका प्रशासकिय भवन निर्माण कार्यको लागि जग्गा प्राप्ति गरि संघिय शहरि विकास मन्त्रालयबाट बजेट समेत सुनिश्चित भइसेको हुँदा प्रशासकिय भवन निर्माण कार्यको लागि गाउँपालिकाबाट समेत थप रु २ करोड विनियोजन गरेको छु ।

१०. स-साना झो.पु.हरू तोलतोल झो.पु,व्यासगाड झो.पु सम्पन्न गर्नको लागि संघीय सरकार बाट रु ३० लाख विनियोजित भएको छ,साथै आवश्यक थप बजेट विनियोजनको लागि मन्त्रालयहरुमा सहकार्य गरिनेछ,क्रमश उक्त पुलहरू निर्माण सम्पन्न गरिनेछ ।

११. स्थानीय विकासको लक्ष्य हासिल गर्न स्थानीय पूर्वाधार सहयोग कार्यक्रम लगाएत अन्य कार्यक्रम संग समन्वय, सहकार्य र साझेदारीको अवधारणा मार्फत स्थानीय

विकास निर्माण प्रक्रियामा सह-लगानी ( Co-Finance) को नीति अवलम्बन गरिने छ साथै स्थानीय पुर्वाधार विकास प्रक्रियामा **सुधारिएको विधि ( Improvement Modality )** अवलम्बन गरिने छ । जसको लागि LISP कार्यक्रमबाट रु २ करोड ४५ लाख तथा गाउँपालिकाबाट थप रु ९८ लाख गरि ३ करोड ४३ लाख विनियोजन गरेको छु । यसबाट पुर्वाधार लगायतका विकासमा धेरै सहयोग हुने विश्वास लिएको छु ।

१२. काईके गाउँपालिका क्षेत्र भित्रका बाटो, सिँचाइ कुलो, नहर, पुल, सार्वजनिक भवन लगायतका पूर्वाधारहरुको लगत **सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS-V2)** मा राखिने व्यवस्था मिलाइनेछ र पूर्वाधारहरुको नियमित मर्मत सम्भार तथा स्तरोन्नति गर्न गाउँपालिकामा रहेको **मर्मत सम्भार कोषको व्यवस्थापन उच्चतम तवरबाट** गरिने छ। गाउँपालिकामा **मर्मत सम्भार कोषको स्थापना** गरि यसको व्यवस्थापन उच्चतम तवरले गरिने छ । जसको लागि रु २० लाख विनियोजन गरेको छु ।

१३. सम्भाव्य विपद् जोखिम न्युनिकरण गर्न,तथा विपदको व्यवस्थापन गर्नको लागि गाउँपालिकामा एक विपद् व्यवस्थापन कोष बनाइनेछ । जसको लागि रु ३० लाख विनियोजन गरेको छु ।

१४. प्रधानमन्त्री रोजगारी कार्यक्रम मार्फत रोजगारि सिर्जना गरि रोजगारि अभिबृद्धि गर्ने नीति अनुरुप संघीय सरकारबाट रु ३६ लाख ८८ हजार विनियोजन भएको छ भने,गाउँपालिकाबाट समेत थप रु ३६ लाख ८८ हजार विनियोजन गरेको छु ।

**सभाध्यक्षज्यू,**
**गाउँसभा सदस्यज्यूहरू,**

अब म आगामी आर्थिक वर्षका लागि अनुमानित आय र व्ययको सारांश प्रस्तुत गर्न चाहन्छु।

**आयतर्फः**

| क.सं. | स्रोत समूह | बजेटको स्रोत/तह | प्राप्तिको श्रोत | वार्षिक अनुमानित आय | अक्षेरुपी | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | ७५२००००० | सात करोड बाउन्न लाख | |
| २ | संघीय सरकार | नेपाल सरकार | शसर्त अनुदान चालु | ७९९००००० | सात करोड उनानसय लाख | |
| ३ | संघीय सरकार | नेपाल सरकार | शसर्त अनुदान पुँजीगत | ३२७००००० | तिन करोड सत्ताइस लाख | |
| ४ | संघीय सरकार | नेपाल सरकार | समपुरक अनुदान पुँजीगत | ८४००००० | चौरासी लाख | |
| ५ | प्रदेश सरकार | कर्णाली प्रदेश | समानिकरण अनुदान | ६८१८००० | अठसठ्ठी लाख अठार हजार | |
| ६ | प्रदेश सरकार | कर्णाली प्रदेश | शसर्त अनुदान चालु | ५९९००० | पाँच लाख उनानसय हजार | |
| ७ | प्रदेश सरकार | कर्णाली प्रदेश | शसर्त अनुदान पुँजीगत | ३०००००००. | तिन करोड | |
| ८ | प्रदेश सरकार | कर्णाली प्रदेश | विषेश अनुदान चालु | ८०००००० | असि लाख | |
| ९ | प्रदेश सरकार | कर्णाली प्रदेश | समपुरक अनुदान पुँजीगत | २६८१००० | छब्बिस लाख एकासी हजार | |
| १० | राजस्व बाडफाड | राजस्व बाँडफाँड - प्रदेश सरकार | बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | ८७१२६१.४७ | आठ लाख एकहत्तर हजार दुइ सय एकसठ्ठी पैसा सतचालिस मात्र | |
| ११ | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजश्व बाँडफाँट | ८२५९०५०४. | आठ करोड पच्चिस लाख नब्बे हजार पाँच सय चार मात्र | |
| १२ | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक राजश्व | ३१८००००. | एकतिस लाख असि हजार | अनुमानित |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १३ | अन्तरिक श्रोत | आन्तरिक श्रोत | बैक मौज्दात बाँकि रहने रकम | ५००००००. | पचास लाख मात्र | अनुमानित |
| जम्मा | | | | ३३५९३९७६५.४७ | तेत्तिस करोड उननसाठी लाख उननचालिस हजार सात सय पैसठ्ठी पैसा सतचालिस मात्र | |

यसैगरी आगामी वर्ष २०८२/०८३ को अनुमानित व्ययको सारांश पनि प्रस्तुत गर्न चाहन्छु।

| क्र.सं. | कार्यक्रम/आयोजना/क्रियाकलाप को नाम | स्रोत | विनियोजन | अक्षेरुपी | कैफियत |
|---|---|---|---|---|---|
| | काइके गाउँपालिका | | | | |
| १ | वडा कार्यालय समपुरक २०८१।०८२ को बाँकि भुक्तानि | नेपाल सरकार - समानिकरण अनुदान | २०००००० | बिस लाख | |
| २ | संघिय सरकार समपुरक अनुदान म्याचिङ फण्ड | नेपाल सरकार - समानिकरण अनुदान | १७००००० | सत्र लाख | |
| ३ | LISP म्याचिङ फण्ड | नेपाल सरकार - समानिकरण अनुदान | ९८००००० | अन्ठानब्बे लाख | |
| ४ | प्रधानमन्त्री रोजगार कार्यक्रम म्याचिङ फण्ड | नेपाल सरकार - समानिकरण अनुदान | ३६८८००० | छत्तिस लाख अठासी हजार | |
| ५ | गाउँपालिका प्रशासकिय भवन निर्माण समपुरक | नेपाल सरकार - समानिकरण अनुदान | २०००००००० | दुइ करोड | |
| ६ | प्रदेश सरकार समपुरक अनुदान म्याचिङ फण्ड तथा अन्य सार्वजनिक निर्माण | नेपाल सरकार - समानिकरण अनुदान | ५०००००० | पचास लाख | |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | विपद् व्यवस्थापन कोष | नेपाल सरकार - समानिकरण अनुदान | ३०००००० | तिस लाख | |
| ८ | मर्मत सम्भार कोष | नेपाल सरकार - समानिकरण अनुदान | २०००००० | बिस लाख | |
| ९ | भैपरी आउने पूँजीगत | नेपाल सरकार - समानिकरण अनुदान | ९३३०००० | त्रियानब्बे लाख तिस हजार | |
| ११ | काइके गाउँपालिकावडा नं.१ | नेपाल सरकार - समानिकरण अनुदान | १०००००० | दश लाख | |
| १२ | काइके गाउँपालिकावडा नं.२ | नेपाल सरकार - समानिकरण अनुदान | १०००००० | दश लाख | |
| १३ | काइके गाउँपालिकावडा नं.३ | नेपाल सरकार - समानिकरण अनुदान | १०००००० | दश लाख | |
| १४ | काइके गाउँपालिकावडा नं.४ | नेपाल सरकार - समानिकरण अनुदान | १०००००० | दश लाख | |
| १५ | काइके गाउँपालिकावडा नं.६ | नेपाल सरकार - समानिकरण अनुदान | १०००००० | दश लाख | |
| १६ | काइके गाउँपालिकावडा नं.७ | नेपाल सरकार - समानिकरण अनुदान | १०००००० | दश लाख | |
| १७ | संघीय सरकार | नेपाल सरकार शसर्त अनुदान चालु | ७९९०००००. | सात करोड उनानसय लाख | |
| १८ | संघीय सरकार | नेपाल सरकार शसर्त अनुदान पुँजीगत | ३२७०००००. | तिन करोड सत्ताइस लाख | |
| १९ | संघीय सरकार | नेपाल सरकार समपुरक अनुदान पुँजीगत | ८४०००००. | चौरासी लाख | |
| २० | प्रदेश सरकार | कर्णाली प्रदेश शसर्त अनुदान चालु | ५९९०००. | पाँच लाख उनानसय हजार | |
| २१ | प्रदेश सरकार | कर्णाली प्रदेश शसर्त अनुदान पुँजीगत | ३००००००. | तिन करोड | |

| | | | | | |
|---|---|---|---|---|---|
| २२ | प्रदेश सरकार | कर्णाली प्रदेश विषेश अनुदान चालु | ८०००००० | असि लाख | |
| २३ | प्रदेश सरकार | कर्णाली प्रदेश समपुरक अनुदान पुँजीगत | २६८१०००. | छब्बिस लाख एकासि हजार | |
| २४ | भैपरि आउने चालु खर्च | राजस्व बाँडफाँड - प्रदेश सरकार बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | ८७१२६१.४७ | आठ लाख एकहत्तर हजार दुइ सय एकसठ्ठी पैसा सतचालिस | |
| २५ | भैपरि आउने चालु खर्च | राजस्व बाँडफाँड - संघीय सरकार | १४६९०५०४. | एक करोड छयालिस लाख नब्बे हजार पाँच सय चार | |
| २६ | भैपरि आउने चालु खर्च | आन्तरिक श्रोत आन्तरिक राजश्व | ३१८००००. | एकतिस लाख असि हजार | अनुमान |
| २७ | अन्तरिक श्रोत | आन्तरिक श्रोत बैंक मौज्दात | ५००००००. | पचास लाख | अनुमान |
| २९ | अन्य विषयगत शाखा | नेपाल सरकार - समानिकरण अनुदान | १५०००००० | एक करोड पचास लाख | |
| ३० | कार्यालय सन्चालन तथा प्रशासनिक(तलब,भत्ता,प्रशासनिक खर्च लगायतका खर्च) | राजस्व बाँडफाँड - संघीय सरकार | ६७९००००० | छ करोड उनासि लाख | |
| ३१ | तान्सागुम्बा निर्माण | नेपाल सरकार - समानिकरण अनुदान | ३५०००००० | पैतिस लाख | |
| कुल जम्मा तेत्तिस करोड उनन्साठि लाख उनन्चालिस हजार सात सय पैसठ्ठी पैसा सतचालिस मात्र | | | ३३५९३९७६५.४७ | | |

## कार्यान्वयन तरिकाः

- पारित बजेट योजना तथा कार्यक्रमहरूलाई कार्यान्वयन गर्न वार्षिक कार्य तालिका तथा कार्ययोजना बनाइनेछ।

- जनप्रतिनिधि र कर्मचारीबीच नियमित अन्तरक्रिया तथा क्षमता अभिवृद्धि तालिमहरू सञ्चालन गरिनेछ।
- बजेट कार्यान्वयनमा आर्थिक अनुशासन, सुशासन र पारदर्शिता सुनिश्चित गरिनेछ।
- अपुग तथा अतिआवश्यक पर्ने कार्यक्रमहरू संघ तथा प्रदेश सरकारमार्फत समन्वय गरिनेछ।
- समय-समयमा कार्यान्वयनको अनुगमन गरी कामको गुणस्तर र प्रगति जाँच गरिनेछ।
- स्थानीय तहको शासन सुधारका लागि नागरिकहरूको निगरानी र सुझावलाई समावेश गरिनेछ।
- सबै समुदाय, जातजाति, महिला, दलित, अपांग लगायतको समावेशी सहभागिता सुनिश्चित गर्दै बजेट कार्यान्वयन गरिनेछ।

सभाध्यक्षज्यू,
गाउँसभा सदस्यज्यूहरू,

सम्मानित गाउँसभाबाट पारित योजना, कार्यक्रम र बजेटको प्रभावकारी कार्यान्वयनका लागि कार्यतालिका बनाई कार्यान्वयन गर्ने व्यवस्था मिलाइएको छ। गाउँपालिकाको दीर्घकालीन लक्ष्य प्राप्तिका लागि जनप्रतिनिधि र कर्मचारीहरूबीच निरन्तर अन्तरक्रिया गरिनेछ। साथै, कर्मचारीहरूको कार्यसम्पादन क्षमताको विकासका लागि सम्बन्धित तालिमहरूको आयोजना गरिनेछ।

बजेट कार्यान्वयनमा आर्थिक अनुशासन, सुशासन र उत्तरदायित्वका सिद्धान्तहरू आत्मसात् गरी प्रभावकारी अनुशासनमा जोड दिइनेछ। सार्वजनिक सुनुवाई तथा अनुगमन मूल्याङ्कनमार्फत बजेटको प्रभावकारी कार्यान्वयन सुनिश्चित गरिनेछ।

उपरोक्त कार्यक्रम तथा बजेट सम्बन्धमा सभाका सम्पूर्ण सदस्यहरूको रचनात्मक सुझाव र सल्लाहको अपेक्षा गरिएको छ। गाउँपालिकाको समग्र विकासका लागि गाउँपालिकाबासी सरोकारवालाहरू सबैको चासो र सहभागिता आवश्यक छ। त्यसैले, सहभागितामूलक योजना छनोट प्रक्रियामा बस्तीस्तरमै सरोकारवालाहरूबाट योजना छनोट गराई वडा समितिमार्फत प्राथमिकताक्रम निर्धारण गरिनेछ।

उपलब्ध स्रोत, साधनको अधिकतम उपयोग गर्न तथा रचनात्मक सुझावका लागि सबैसँग हार्दिक सहयोगको अपेक्षा गर्दछु। हामीले प्रस्ताव गरेका नीति, कार्यक्रम र बजेटहरू 'विनियोजन विधेयक, २०८२/०८३ का रूपमा यसै गाउँसभा समक्ष प्रस्तुत गरिनेछ, छलफल गरी पारित गरिनेछ र विनियोजन ऐनको रूपमा सरोकारवालाहरूलाई उपलब्ध गराइनेछ।

अन्त्यमा,यो बजेट  तथा कार्यक्रमका लागि महत्वपुर्ण सल्लाह,सुझाव,समन्वय र परामर्श दिएर अमुल्य सहयोग गर्नुहुने गाउँ कार्यपालिका सदस्यहरु तथा सभाका सदस्यहरु,अग्रज वुद्धिजीवि ब्याक्तिहरु,सम्पुर्ण राजनीतिक दल एवम् भातृ संगठनका प्रतिनिधिहरु,राष्ट्रसेवक कर्मचारीहरु,शिक्षक,सुरक्षाकर्मी,नागरिकसमाज,सन्चारकर्मीहरु,सम्पुर्ण जनसमुदायहरु लगायत सबैमा हार्दिक आभारसहित धन्यवाद व्यक्त गर्दछु ।

धन्यवाद ।
निमा बुढा
उपाध्यक्ष,काइके गाउँपालिका ।
मिति २०८२।०३।०८

# काइके गाउँपालिकाको कार्यालय

## शहरताराबगर,डोल्पा

२०८२

**www.kaikemun.gov.np**